# तामाकोशी गाँउपालिका

## तामाकोशी गाउँपालिकाको
## आर्थिक ऐन, २०७४

तामाकोशी गाँउपालिका

**२०७४**

**गाउँसभाबाट स्वीकृत मिति- २०७४ असार ३१**

# तामाकोशी गाँउपालिकाको
## आर्थिक ऐन, २०७४

**प्रस्तावनाः**

तामाकोशी गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम तामाकोशी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"तामाकोशी गाउँपालिकाको आर्थिक ऐन, २०७४"** रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि तामाकोशी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसुचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसूचि (१)

एकिकृत सम्पत्ति कर/घरजग्गा कर

दफा (२) सग सम्बन्धित

| **कर शिर्षक (विवरण)** | **०७४/०७५ को लागिकरको दर** | **कैफियत** |
|---|---|---|
| पाँच लाख सम्म नलाग्ने | ० | नलाग्ने |
| पाँच लाख देखि दशलाख सम्म | ०.०१ प्रतिशत | |
| दश लाखदेखि बीस लाखसम्म | ०.१ प्रतिशत | |
| बीस लाख देखि माथि | ०.२ प्रतिशत | |

अनुसूचि (२)

**भूमि कर (मालपोत):**

दफा (३) सग सम्बन्धित

| **कर शिर्षक (विवरण)** | **०७४/०७५ को लागि करको दर** | **कैफियत** |
|---|---|---|
| भूमि कर (अब्बल, दोयम, सिम चाहार) | ६।- | प्रति रोपनी |
| भूमि कर (उद्योग क्षेत्र) | १०।- | प्रति रोपनी |
| भूमि कर (अब्बल) बाँझो राखेमा | १०।- | प्रति रोपनी |

अनुसूचि (३)

**घर वहाल करः**

दफा (४) सग सम्बन्धित

| **कर शिर्षक (विवरण)** | **०७४/०७५ को लागि करको दर** | **कैफियत** |
|---|---|---|
| व्यावसायिक घर बहाल | १० प्रतिशत | प्रतिवर्ष |

| | | |
|---|---|---|
| आवासिय घरवहाल | ३ प्रतिशत | प्रतिवर्ष |

अनुसूचि (४)

**व्यवसाय करः**

दफा (५) सग सम्बन्धित

| **कर शिर्षक (विवरण)** | **०७४/०७५ को लागि करको दर** | **कैफियत** |
|---|---|---|
| **होटल व्यवसाय दर्ता** | | |
| १ लाख सम्म | ५००।- | प्रतिवर्ष |
| १ लाख देखि ५ लाख सम्म | १०००।- | प्रतिवर्ष |
| ५ लाख देखि १० लाखसम्म | १५००।- | प्रतिवर्ष |
| १० लाख भन्दा माथि | ३५००।- | प्रतिवर्ष |
| **नविकरण शुल्क** | दर्ता शुल्कको ठिक आधा रकम लाग्ने | |
| **कलकारखाना दर्ता कर** | | |
| ५ लाख सम्म | ०.१ प्रतिशत | प्रतिवर्ष |
| ५ लाख देखि १० लाखसम्म | ०.२ प्रतिशत | प्रतिवर्ष |
| १० लाख देखि २० लाखसम्म | ०.३ प्रतिशत | प्रतिवर्ष |
| २० लाख भन्दा माथि | ०.५ प्रतिशत | प्रतिवर्ष |
| **पसल दर्ता कर** | | |
| १ लाख सम्म | ५००।- | प्रतिवर्ष |
| १ लाख देखि ५ लाखसम्म | १०००।- | प्रतिवर्ष |
| ५ लाख देखि १० लाखसम्म | १५००।- | प्रतिवर्ष |
| १० लाख भन्दा माथि | ३५००।- | प्रतिवर्ष |
| नविकरण शुल्क | दर्ता शुल्कको ठिक आधा रकम लाग्ने | |

| **संघसंस्था दर्ता कर** | | |
|---|---|---|
| नाफामूलक संस्था दर्ता | **१५००।-** | |
| नाफामूलक संस्था नविकरण शुल्क | **१०००।-** | |
| गैर नाफामूलक संस्था दर्ता | **५००।-** | |
| गैर नाफामूलक संस्था नविकरण शुल्क | **१००।-** | |
| सामुदायिक संस्था दर्ता | **५००।-** | |
| सामुदायिक संस्था नविकरण | **१००।-** | |

अनुसूचि (५)

## जडिबुटी, कवाडी र जीवजन्तु करः

दफा (६) सग सम्बन्धित

| **कर शिर्षक (विवरण)** | **०७४/०७५ को लागि करको दर** | **कैफियत** |
|---|---|---|
| जडिवुटी निकासी कर( प्रति के.जी.) | | |
| चुथ्रो | १।- | |
| चिराईतो | ५।- | |
| रोजमेरी | ५।- | |
| तिनतले बाँको | ५।- | |
| खोटो संकलन | ५।- | |
| लोक्ता | ६।- | |
| अर्गेली | ६।- | |
| लौठ सल्ला | १०।- | |
| धसिङ्ग्रे | १०।- | |
| वनकस कर (निजि काठ निकासी) | ५।- | प्रति क्युविक फिट |

| **कवाडि कर** | | |
|---|---|---|
| कवाडि सामान | ५ लाख | ठेक्कामा |
| **जिवजन्तु कर** | | |
| खसि बाख्रा | २५।- | |
| गाई, गोरु | ५०।- | |
| रागाँ, भैसी | ७५।- | |

अनुसूचि (६)

**सवारी साधन करः**

दफा (७) सग सम्बन्धित

| कर शिर्षक (विवरण) | ०७४/०७५ को लागि करको दर | कैफियत |
|---|---|---|
| सवारी पटके कर (मालवाहक सवारी मात्र) | १००।- | प्रति दिन |

अनुसूचि (७)

**विज्ञापन करः**

दफा (८) सग सम्बन्धित

| कर शिर्षक (विवरण) | ०७४/०७५ को लागि करको दर | कैफियत |
|---|---|---|
| जनचेतनामूलक ( प्रचार सामग्री, बोर्ड) | १।- | प्रति स्वायर फिट |
| व्यावसायिक (प्रचार सामग्री, बोर्ड) | ३।- | प्रति स्वायर फिट |

अनुसूचि (८)

**मनोरन्जन करः**

दफा (९) सग सम्बन्धित

| कर शिर्षक (विवरण) | ०७४/०७५ को लागि करको दर | कैफियत |
|---|---|---|
| हाल नतोकिएको | | |

अनुसूचि (९)

**बहाल बिटौरी शुल्कः**

दफा (१०) सग सम्बन्धित

| कर शिर्षक (विवरण) | ०७४/०७५ को लागि करको दर | कैफियत |
|---|---|---|
| हाल नतोकिएको | | |

अनुसूचि (१०)

**पार्किङ शुल्कः**

दफा (११) सग सम्बन्धित

| कर शिर्षक (विवरण) | ०७४/०७५ को लागि करको दर | कैफियत |
|---|---|---|
| हाल नतोकिएको | | |

अनुसूचि (११)

**ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः**

दफा (१२) सग सम्बन्धित

| कर शिर्षक (विवरण) | ०७४/०७५ को लागि करको दर | कैफियत |
|---|---|---|
| हाल नतोकिएको | | |

अनुसूचि (१२)

**सेवा शुल्क, दस्तुरः**

दफा (१३) सग सम्बन्धित

| कर शिर्षक (विवरण) | ०७४/०७५ को लागि करको दर | कैफियत |
|---|---|---|
| **घर निर्माण स्वीकृती/ नक्सापास** | | |
| कच्ची एकतले घर | २५०।- | |
| कच्ची दूईतले घर | ५००।- | |
| पक्की घर व्यासायिक | २।- | प्रति स्वायर फिट |
| पक्की घर व्यासायिक | १।- | प्रति स्वायर फिट |
| घरजग्गा नामसारि सिफारिस | १२५।- | |
| मोहि लगत कट्टा सिफारिस | ५००।- | |
| घर कायम सिफारिस | ५०।- | |
| अस्थायी बसोवास सिफारिस | ५०।- | |
| स्थायी बसोवास सिफारिस | १००।- | |
| नागरिकता प्रमाण पत्र प्रतिलिपी सिफारिस | ५०।- | |
| अंगिकृत नागरिकता | २००।- | |
| आर्थिक सम्पन्नता सिफारिस | ५००।- | |
| **विद्युत जडान सिफारिस** | | |
| घरायसी | ५०।- | |
| व्यावसायिक | ५००।- | |
| धारा जडान सिफारिस | निशुल्क | |
| जिवित रहेको सिफारिस | १०।- | |
| दुवै व्यक्ति एउटै रहेको सिफारिस | ५०।- | (विद्यार्थीलाई निशुल्क) |
| फरक फरक जन्म मिति एकै रहेको सिफारिस | ५०।- | (विद्यार्थीलाई निशुल्क) |
| जग्गा मूल्यांकन सिफारिस | २००।– | |

| | | |
|---|---|---|
| व्यवसाय संचालन नभएको सिफारिस | २००।- | |
| व्यवसाय बन्द सिफारिस | ५०।- | |
| व्यापार व्यवसाय नभएको सिफारिस | निशुल्क | |
| कोर्ट फि सिफारिस | निशुल्क | |
| नाबालक परिचय पत्र सिफारिस | १००।- | |
| चौपाया सम्बन्धि सिफारिस | निशुल्क | |
| व्यवसाय दर्ता सिफारिस | १००।- | |
| उद्योग ठाउँसारि सिफारिस (आन्तरिक) | २५०।- | |
| उद्योग ठाउँसारि सिफारिस (बाह्य) | ५००।- | |
| विद्यालय ठाउसारि सिफारिस | २००।- | |
| आन्तरिक बसाई सराई सिफारिस | १००।- | |
| विद्यालय संचालन स्वीकृती, कक्षा वृद्धि संचालन | २००।- | आधारभूत |
| विद्यालय संचालन स्वीकृती, कक्षा वृद्धि संचालन | ५००।- | माध्यमिक |
| व्यक्तिगत विवरण सिफारिस | ५०।- | |
| जग्गा दर्ता सिफारिस | १००।- | |
| संरक्षक सिफारिस | ५०।- | |
| संरक्षण सिफारिस | ५०।- | |
| नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | १००।- | |
| जिवित सँगको नाता प्रमाणित | १५०।- | |
| मृतकसँगको नाता प्रमाणित | १००।- | |
| कोठा खोल्न रोहवर बस्ने शुल्कण | ५००।- | |
| स्वास्थ्य उपचार सिफारिस | निशुल्क | |

| | | |
|---|---|---|
| घरवाटो सिफारिस | १००।- | |
| चारकिल्ला सिफारिस | १००।- | |
| जन्म मिति प्रमाणित | १००।- | |
| विवाह प्रमाणित | १००।- | |
| घरपाताल प्रमाणित | निशुल्क | |
| कागज मन्जुरीनामा प्रमाणित | १००।- | |
| हकवाला वा हकदार प्रमाणित | १००।- | |
| अविवाहित प्रमाणित | १००।- | |
| जग्गा रेखाङ्कन रोहवर बस्ने | ५००।- | |
| जग्गा धनिपूर्जा हराएको सिफारिस | १००।- | |
| पूर्जामा घर कायम गर्ने सिफारिस | १००।- | |
| अंग्रेजी सिफारिस प्रमाणित | २००।- | |
| मिलापत्र कागज/उजुरी दर्ता प्रमाणित | १००।- | |
| व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, बसाईसराई विवाह दर्ता, सम्बन्ध विच्छेद) | ५०।- | ३५ दिन भीत्र निशुल्क |
| व्यक्तिगत घटना दर्ता प्रमाणपत्र (जन्म, मृत्यु, बसाईसराई विवाह दर्ता, सम्बन्ध विच्छेद) प्रतिलिपी | १००।- | |

अनुसूचि (१३)

**पर्यटनशुल्कः**

दफा (१४) सग सम्बन्धित

| **कर शिर्षक (विवरण)** | **०७४/०७५ को लागि करको दर** | **कैफियत** |
|---|---|---|
| हाल नतोकिएको | | |